# कृत्रिम घटना अभ्यास सञ्चालन कार्यविधि

## २०८३

नेपाल सरकार

गृह मन्त्रालय

राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण

सिंहदरबार, काठमाडौं

प्रमाणित प्रतिलिपि

# कृत्रिम घटना अभ्यास सञ्चालन कार्यविधि, २०८३

**प्रस्तावनाः** संघ, प्रदेश र स्थानीय तह, गैरसरकारी निकायहरू र समुदायबीच समन्वय, सहकार्य, क्षमताको परीक्षण तथा सुरक्षा व्यवस्था सुनिश्चित गर्न कृत्रिम घटना अभ्यास प्रणालीको स्पष्ट, एकरूपता सहितको विपद् पूर्वतयारी गरी खोज तथा उद्धारको कार्यलाई प्रभावकारी रुपमा व्यवस्थापन गर्न वाञ्छनीय भएकाले,

विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा ४८ बमोजिम कार्यकारी समितिले यो कार्यविधि बनाएको छ ।

## परिच्छेद-१
## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः**

(१) यस कार्यविधिको नाम "कृत्रिम घटना अभ्यास सञ्चालन कार्यविधि, २०८३" रहेको छ ।

(२) यो कार्यविधि तुरून्त प्रारम्भ हुनेछ ।

२. **परिभाषाः विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,**

(क) **"अभ्यास"** भन्नाले कृत्रिम घटना अभ्यास सम्झनुपर्छ ।

(ख) **"अभ्यास अवधारणापत्र"** भन्नाले कृत्रिम घटनामा आधारित अभ्यासको उद्देश्य, दायरा, परिदृश्य (Scenario), सहभागी निकाय, भूमिका, सञ्चालन विधि, समयतालिका तथा मूल्याङ्कनका आधार लगायतका विषयहरू स्पष्ट रूपमा उल्लेख गरी अभ्यासपूर्व तयार गरिएको औपचारिक दस्तावेज सम्झनुपर्छ ।

(ग) **"अभिलेखकर्ता"** भन्नाले अभ्यासका प्रमुख घटनाक्रम, निर्णय तथा पाठहरुलाई लेखाजोखा गरी दस्तावेजीकरण गर्ने जिम्मेवार प्राप्त व्यक्ति सम्झनुपर्छ ।

(घ) **"इन्जेक्ट"** भन्नाले अभ्यास अवधिमा नियन्त्रक टोलीले पूर्वनिर्धारित समयमा प्रवाह गर्ने काल्पनिक सूचना वा घटना सम्झनुपर्छ ।

(ङ) **"इन्जेक्ट टोली"** भन्नाले पूर्वनिर्धारित इन्जेक्ट सामग्री तयार पार्ने र समयमा जानकारी वा सूचना प्रवाह गर्ने टोली सम्झनुपर्छ ।

(च) **"ऐन"** भन्नाले विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ सम्झनुपर्छ ।

(छ) **"कार्यकारी समिति"** भन्नाले ऐनको दफा ६ बमोजिम गठित विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन कार्यकारी समिति सम्झनुपर्छ ।

(ज) **"कृत्रिम घटना अभ्यास"** भन्नाले काल्पनिक विपद् परिदृश्यमा आधारित यथार्थपरक घटना अभ्यास सम्झनुपर्छ ।



प्रमाणित प्रतिलिपि

२०८३।२।१

(झ) **"टेबलटप"** अभ्यास भन्नाले नेतृत्व तथा व्यवस्थापक तहका अधिकारीहरू बीच काल्पनिक विपद् परिदृश्यमा आधारित यथार्थपरक निर्णय प्रक्रियाको घटना अभ्यास सम्झनुपर्छ।

(ञ) **"ड्रिल"** भन्नाले कृत्रिम परिघटनामा आधारित रही सञ्चालन हुने विपद् सम्बन्धी घटनामा अपनाउनु पर्ने कार्यविधि, प्रक्रिया र जिम्मेवारीलाई व्यवहारिक रूपमा अभ्यास गरिने संगठित तथा योजनाबद्ध अभ्यास सम्झनुपर्छ।

(ट) **"प्राधिकरण"** भन्नाले ऐनको दफा १० बमोजिम गठित राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण सम्झनुपर्छ।

(ठ) **"कार्यात्मक (Functional) अभ्यास"** भन्नाले आपतकालीन अवस्थामा विभिन्न निकाय तथा सरोकारवालाहरू बीच हुने निर्णय प्रक्रिया, समन्वय, सञ्चार तथा आदेश-नियन्त्रण आदि प्रणालीको कार्यात्मक क्षमता परीक्षण र सुधार गर्ने उद्देश्यले कृत्रिम घटनामा आधारित भई सीमित क्षेत्रभित्र गरिने यथार्थपरक अभ्यास सम्झनुपर्छ।

(ड) **"स्थलगत (Field) अभ्यास"** भन्नाले कृत्रिम परिघटनामा आधारित भई विपद् जोखिम न्यूनीकरण, पूर्व तयारी तथा प्रतिकार्यमा प्रत्यक्ष योगदान पुऱ्याउने निकायहरुको भौतिक साधन स्रोतको प्रयोग गरी वास्तविक जमीन वा स्थानमै सञ्चालन गरिने अभ्यास सम्झनुपर्छ।

(ढ) **"फुल स्केल सिम्युलेशन"** भन्नाले विपद् उद्धार, उपचार, सुरक्षा व्यवस्था, यातायात नियन्त्रण, सञ्चार, राहत वितरण ,समन्वय लगायतका समग्र आपतकालीन प्रतिकार्य प्रणालीको परीक्षण गर्ने उद्देश्यले सरोकारवाला बहुनिकायबीच जनशक्ति, उपकरण र स्रोत-साधनको पूर्ण परिचालन गर्दै कृत्रिम घटनामा आधारित भई व्यापक तथा व्यवहारिक अभ्यास सम्झनुपर्दछ।

(ण) **"बन्दोबस्ती उपसमूह"** भन्नाले कृत्रिम घटना अभ्यासमा आवश्यक पर्ने स्रोत साधन तथा उपकरण, यातायात, भोजन, आवास, स्थल व्यवस्थापन र आपूर्तिहरूको प्रबन्ध मिलाउने समूह सम्झनुपर्छ।

(त) **"मूल्याङ्कनकर्ता"** भन्नाले अभ्यासको दौरान पूर्वनिर्धारित सूचकका आधारमा हरेक क्रियाकलापको टिपोट, अवलोकन र लेखाजोखा गरी मूल्याङ्कन गर्ने स्वतन्त्र व्यक्ति वा टोली सम्झनुपर्छ।

(थ) **"सञ्चार उपसमूह"** भन्नाले अभ्यास अवधिभर सूचना प्रवाह, रेडियो संचार, उपकरण सञ्चालन तथा संचार सामग्री व्यवस्थापन गर्ने टोली सम्झनुपर्छ।

(द) **"सहजकर्ता"** भन्नाले मुख्यतया टेबलटप वा कार्यात्मक अभ्यासमा छलफल तथा प्रक्रियालाई सहज बनाउने व्यक्ति वा टोली सम्झनुपर्छ।

(ध) **"सरोकारवाला निकाय"** भन्नाले कृत्रिम घटना अभ्यासमा प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा सहयोग पुऱ्याउने वा सहयोग गर्ने सरकारी संस्था, गैरसरकारी संस्था तथा समुदाय स्तरका संघसंस्थालाई समेत जनाउँछ।

(न) **"मन्त्रालय"** भन्नाले गृह मन्त्रालय सम्झनुपर्छ।

(प) **"सुरक्षा निकाय"** भन्नाले नेपाली सेना, नेपाल प्रहरी र सशस्त्र प्रहरी बल, नेपाल सम्झनुपर्छ।

नेपाल सरकार गृह मन्त्रालय राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण सिंहदरबार, काठमाडौं

प्रमाणित प्रतिलिपि

## परिच्छेद-२

## स्वीकृति, सञ्चालन, अभ्यास र मापदण्ड

### ३. कृत्रिम घटना अभ्यासको स्वीकृति तथा सञ्चालन

(१) संघीय तहमा प्राधिकरणको स्वीकृतिमा राष्ट्रिय आपतकालीन कार्य सञ्चालन केन्द्रले संघीय कृत्रिम घटना अभ्यासको सञ्चालन र समन्वय गर्नुपर्नेछ।

(१) प्रदेशमा विपद् हेर्ने मन्त्रालयको स्वीकृतिमा प्रदेश आपतकालीन कार्य सञ्चालन केन्द्रले प्रदेशस्तरीय अभ्यासको सञ्चालन र समन्वय गर्नुपर्नेछ।

(२) जिल्ला विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन समितिको स्वीकृतिमा जिल्ला आपतकालीन कार्य सञ्चालन केन्द्रले जिल्लाभित्रका अभ्यासको सञ्चालन र समन्वय गर्नुपर्नेछ।

(३) स्थानीय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन समितिको स्वीकृतिमा स्थानीय आपतकालीन कार्य सञ्चालन केन्द्रले अभ्यासको सञ्चालन र समन्वय गर्नुपर्नेछ।

(४) अभ्यास सञ्चालन सम्बन्धी राष्ट्रिय नीति तर्जुमा, स्रोत परिचालन, समन्वय, अनुगमन तथा मूल्याङ्कन गर्ने कार्य प्राधिकरणले गर्नुपर्नेछ।

### ४. कृत्रिम घटना अभ्यास र मापदण्ड

(१) अभ्यास सञ्चालन गर्दा अपनाउनु पर्ने मापदण्ड र कार्यविधि देहाय बमोजिम हुनुपर्नेछ।

**(क) टेबलटप अभ्यासः** टेबलटप अभ्यासको सञ्चालन देहाय अनुसार गर्नुपर्नेछ ।

(१) अभ्यास सामान्यतया केही घन्टादेखि आवश्यकताअनुसार केही दिनसम्म सञ्चालन गर्नुपर्ने,

(२) अभ्यास रणनीतिक, समावेशी र सहभगितामुलक हुनुपर्ने,

(३) अभ्यासमा पन्ध्र देखि पचास जनासम्म सहभागी रहने,

(४) अभ्यास गर्दा नीतिगत निर्णय, योजना कार्यान्वयन, निर्णय क्षमता, सरोकारवाला निकायसँग समन्वय, निकायगत भूमिका स्पष्टता हुने गरी गर्नुपर्ने,

(५) अभ्यास सञ्चालनका लागि एक महिनाको पूर्वतयारी गर्नुपर्ने

**(ख) ड्रिल अभ्यासः** ड्रिल अभ्यासको सञ्चालन देहाय अनुसार गर्नुपर्नेछ ।

(१) अभ्यास सामान्यतया केही घन्टादेखि आवश्यकताअनुसार एक दिनसम्म सञ्चालन गर्ने,

(२) खोज तथा उद्धार, पूर्व सूचना प्रवाह, आपतकालीन उपचार, कमाण्ड पोष्टको स्थापना, आपतकालीन सञ्चार प्रवाह, अस्थाई आवास निर्माण लगायतका कार्य समेटिएको परिघटनामा आधारित रहेर ड्रिल अभ्यास गर्ने,



प्रमाणित प्रतिलिपि

(३) यथार्थपरक र समयसान्दर्भिक उपकरणहरु जस्तैः अलार्म सक्रियता, सञ्चार व्यवस्था, ट्रियाज स्टेशन प्रयोग गरी अभ्यास गर्ने,

(४) अभ्यासमा एउटै निकाय वा एकभन्दा बढी निकायका न्यूनतम पन्ध्र जना सहभागी हुनुपर्ने,

(५) अभ्यासमा वास्तविकता झल्काउन विभिन्न भूमिका निर्वाह गर्ने टोली तथा डमीहरुको समेत प्रयोग गर्न सकिने,

(६) अभ्यास गर्नुअघि कम्तिमा पन्ध्र दिनदेखि एक महिनासम्मको पूर्वतयारी गर्नुपर्ने।

**(ग) कार्यात्मक (Functional) अभ्यासः** कार्यात्मक अभ्यास सञ्चालन देहाय अनुसार गर्नु पर्नेछ।

(१) अभ्यास केही घण्टादेखि आवश्यकता अनुसार आधा दिनसम्म सञ्चालन गर्नुपर्ने,

(२) घटनाको प्रकृति अनुसार आंशिक सक्रियता सहित सूचनाको प्रवाह, समन्वय क्षमता र सञ्चार प्रणालीको प्रभावकारिता परीक्षण गर्नुपर्ने,

(३) अभ्यासमा एकै निकायका न्यूनतम दश जनाको सहभागिता हुनुपर्ने,

(४) अभ्यासमा आपतकालीन कार्यसञ्चालन केन्द्र सञ्चालन, सञ्चार प्रणाली परीक्षण, स्रोत परिचालन र निर्णय प्रक्रियाको तालमेल सम्बन्धी अभ्यास गर्नुपर्ने,

(५) कार्यस्थलमा प्रत्यक्ष उद्धारकार्य नगरे पनि रेडियो कल, फोन, कम्प्युटर नेटवर्क आदिको माध्यमबाट विपद् सूचना प्रवाह र स्रोत परिचालनको अभ्यास गर्नुपर्ने,

(६) अभ्यास गर्नुअघि कम्तिमा दुई महिना पूर्वतयारी गर्नुपर्ने।

**(घ) कार्यक्षेत्र (Field) अभ्यासः कार्यक्षेत्र अभ्यास सञ्चालन देहाय अनुसार गर्नुपर्नेछ।**

(१) अभ्यास सामान्यतया: केही घण्टादेखि अधिकतम् ३ दिनसम्म सञ्चालन गर्नुपर्ने,

(२) अभ्यासमा वास्तविक स्थान, उपकरण तथा जनशक्तिको प्रयोग गर्नुपर्ने,

(३) अभ्यासका लागि स्थान, अनुमति, ट्राफिक व्यवस्थापन, सरसफाई, खानेपानी शौचालय र व्यक्तिगत सुरक्षा उपकरण पूर्णरुपमा तयार गर्नुपर्ने,

(४) अभ्यासमा वास्तविक परिदृश्य सृजना गरी सो को अनुकरण गरी उद्धार कार्य सञ्चालन र सबै आवश्यक उपकरण एवं टोली तयारी अवस्थामा राख्नुपर्ने,

(५) अभ्यासमा उच्च जोखिम नियन्त्रण, सुरक्षा योजना, प्राथमिक उपचार र आकस्मिक ब्याकअप सुनिश्चित गरी वास्तविकता अनुभूति गराउनुपर्ने,

(६) अभ्यासको दौरान वास्तविकता झल्काउन विभिन्न भूमिका निर्वाह गर्ने टोली तथा डमीहरूको समेत प्रयोग गर्न सकिने,

(७) अभ्यास गर्नुअघि कम्तिमा दुई देखि तीन महिनासम्म समयावधिको तयारी गर्नुपर्ने।

नेपाल सरकार गृह मन्त्रालय राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण सिंहदरबार, काठमाडौं

प्रमाणित प्रतिलिपि

**(ङ) पूर्ण स्केल (Full-scale) अभ्यासः पूर्ण स्केल अभ्यासको सञ्चालन देहाय अनुसार गर्नुपर्नेछ।**

(१) वास्तविक विपद् परिदृश्यमा आधारित भई कमाण्डदेखि फिल्ड तैनाथी, सञ्चार बन्दोबस्ती, सार्वजनिक सूचना, स्वास्थ्य तथा सुरक्षासम्मका सबै प्रतिकार्य समेटेर सञ्चालन गर्नुपर्ने,

(२) बहु-क्षेत्रीय र बहु-निकायको प्रत्यक्ष सहभागीता हुने हुनाले भूमिका, आदेश श्रृखला, विधि र नियमहरूको बारेमा स्पष्ट र साझा बुझाई निर्माण गर्नुपर्ने,

(३) अभ्यास उपकरण, स्रोत परिचालन, समन्वय, संरचना तथा निर्णय प्रवाहको वास्तविक स्तर परीक्षण गर्नुपर्ने,

(४) परिदृष्य बमोजिम अभ्यासको अवधि एक दिनदेखि तीन दिनसम्म हुनुपर्ने,

(५) अभ्यास गर्नुअघि कम्तिमा छ महिना सम्म तयारी गर्नुपर्ने,

(६) अभ्यासपछि अन्तर निकायको सहभागिता, जनशक्ति तथा स्रोतसाधनको परिचालन र वास्तविक आपतकालीन अवस्थाको बारेमा गहन विश्लेषण गर्नुपर्ने।

## परिच्छेद-३

## तयारी तथा सञ्चालन चरण

५. **कृत्रिम अभ्यास तयारी तथा सञ्चालनका चरण**

(१) सबै प्रकारका अभ्यासको तयारी तथा सञ्चालन गर्दा क्रमशः योजना निर्माण, अभ्यासको तयारी, सञ्चालन र प्रतिवेदनसम्मका चरणको अवलम्बन गर्नु पर्नेछ।

**(क) योजना निर्माणः** अभ्यास तयारीको सुरूवाती चरणको रूपमा योजना निर्माण गर्दा देहाय अनुसार गर्नु पर्नेछ।

(१) अभ्यासको आयोजकले अभ्यास अवधारणापत्र तयार गरी दफा ३ बमोजिम स्वीकृति लिनुपर्ने,

(२) अभ्यास सञ्चालन गर्ने निकाय, प्राविधिक टोली र अन्य सरोकारवाला निकायबीच समन्वयात्मक छलफल गर्नु पर्ने,

(३) अभ्यासको विषयवस्तु, उद्देश्य र क्षेत्र यकिन गर्नुपर्ने,

(४) प्रारम्भिक तयारी तथा अभ्यास सञ्चालनको समयसिमा, सञ्चालनको विधि, सहभागी निकायहरू समेत उल्लेख गरी योजना निर्माण गर्नुपर्ने,

(५) अभ्यास सञ्चालन गर्दा लाग्ने अनुमानित खर्चको विस्तृत विवरण तयार गर्नुपर्ने,

(६) कृत्रिम घटना अभ्यासमा संलग्न हुने सरोकारवाला निकायहरू बीच अनुसूची १ बमोजिम समझदारी गर्न सकिने छ।

नेपाल सरकार गृह मन्त्रालय राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण सिंहदरबार, काठमाडौं



प्रमाणित प्रतिलिपि

**(ख) अभ्यासको तयारी:** अभ्यासको तयारी चरणमा देहाय अनुसार कार्य गर्नुपर्नेछ:

(१) अभ्यास सञ्चालन गर्ने स्थान, क्षेत्र, वस्तुस्थिति आदिको अध्ययन गर्नुपर्ने,

(२) आवश्यकता अनुसार स्थलगत अध्ययन (Field Study) गर्नुपर्ने,

(३) अभ्यासको लागि अनुसूची २ बमोजिमका विषयवस्तुहरु समावेश गरी कार्य योजना (Work Plan) तयार गर्नुपर्ने,

(४) अभ्यासको लागि देहाय अनुसारका विषयवस्तु र अभ्यास सामग्री व्यवस्थापन गर्नुपर्ने:

- (अ) परिदृष्य
- (आ) ईन्जेक्ट
- (इ) ईन्जेक्ट म्याट्रिकस्
- (ई) घटनाहरुको सूची तालिका (TTX बाहेक)
- (उ) सहजकर्ताको लागि मार्गदर्शन
- (ऊ) पृष्ठपोषण फाराम
- (ए) पर्यवेक्षक फाराम
- (ऐ) भूमिका निर्वाह गर्ने व्यक्तिको लागि मार्गदर्शन (TTX बाहेक)
- (ओ) सहभागीहरूको लागि मार्गदर्शन
- (औ) Drill, Field Exercise र Full Scale Simulation को लागि नमूना सामग्री
- (अं) हाजिरी पुस्तिका आदि।

(५) अभ्यास सञ्चालन गर्ने स्थानको छनौट तथा तयारी गर्दा देहायका विषयमा ध्यान दिनुपर्नेछ:

- (अ) उपयुक्त र सुरक्षित स्थान हुनुपर्ने,
- (आ) अपाङ्गतामैत्री हुनुपर्ने,
- (इ) एम्बुलेन्स तथा दमकलको पहुँच भएको हुनुपर्ने,
- (ई) अस्थाई हेलिप्याडको रुपमा प्रयोग गर्न सकिने स्थानको पहिचान गरेको हुनुपर्ने,
- (उ) दर्शक तथा पर्यवेक्षकसमेत अट्ने उपयुक्त स्थानको व्यवस्था गरेको हुनुपर्ने,
- (ऊ) आवश्यकता अनुसार खानेपानी, शौचालय, विद्युत, इन्टरनेट सुविधाको व्यवस्था गरेको हुनुपर्ने,
- (ए) नियन्त्रण कक्षको व्यवस्थापन गरेको हुनुपर्ने,
- (ऐ) टेवलटप अभ्यासमा आवश्यकता अनुसार ब्रेकआउट रूम वा ब्रेकआउट टेवलको व्यवस्थापन गरेको हुनुपर्ने
- (ओ) अभ्यास स्थलमा आवश्यकता अनुसार व्यवस्थापन गरिएको ईन्टरनेट, विद्युत, साउन्ड सिस्टम, पावर प्वाइन्ट प्रोजेक्टर, टेलिभिजन तथा Video Tele Conference System आदिको परीक्षण गरी तयारी गरेको हुनुपर्ने,
- (औ) सकभर ड्रील, फिल्ड अभ्यास तथा फूलस्केल अभ्यास सार्वजनिक स्थान र सार्वजनिक संरचनामा मात्रै सञ्चालन गर्नुपर्ने,

नेपाल सरकार गृह मन्त्रालय राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण सिंहदरबार, काठमाडौं
प्रमाणित प्रतिलिपि

(६) अभ्यास सञ्चालनको लागि अनुसूची ३ बमोजिमको टोली गठन गर्नुपर्ने,

(७) अभ्यास सञ्चालन टोलीका सदस्यहरूको भूमिका देहाय अनुसार हुनेछ:

(अ) अभ्यास निर्देशक: सम्पूर्ण अभ्यासको योजना, समन्वय र सञ्चालनको नेतृत्व गर्ने तथा अभ्यासको दौरान आवश्यक निर्णय लिने,

(आ) अभ्यास नियन्त्रक: अभ्यास सञ्चालनको प्राविधिक नेतृत्व गर्ने र निर्देशकलाई सहयोग गर्नुका साथै निर्देशकको अनुपस्थितिमा नेतृत्व लिने,

(इ) इन्जेक्ट कन्ट्रोलर: परिदृश्य अनुसार इन्जेक्ट प्रवाह तथा अभ्यासको गतिलाई नियन्त्रण र समायोजन गर्ने,

(ई) सहजकर्ता: अभ्यासमा सहभागीहरुको छलफल तथा अभ्यास प्रक्रियालाई प्रभावकारी बनाउन सहजीकरण गर्ने,

(उ) हाइयर तथा लोवर कन्ट्रोलर: आवश्यकता अनुसार माथिल्लो निकाय वा तल्लो निकायको भूमिका निर्वाह गर्ने,

(ऊ) अभिलेखकर्ता: अभ्यासका प्रमुख घटनाक्रम, निर्णय तथा अभ्यासका गतिविधिहरुलाई लेखाजोखा गरी अभिलेख राख्ने वा अभिलेख लिपिबद्ध गर्ने,

(ए) सूचना प्रविधि टोली: अभ्यास अवधिभर सूचना प्रवाह, रेडियो संचार, उपकरण सञ्चालन, तथा संचार सामग्री व्यवस्थापन गर्ने,

(ऐ) बन्दोबस्ती टोली: अभ्यासमा आवश्यक पर्ने स्रोत साधन तथा उपकरण, यातायात, भोजन, आवास, स्थल व्यवस्थापन र आपूर्तिहरूको प्रबन्ध मिलाउने,

(ओ) पर्यवेक्षक: अभ्यासको क्रममा पूर्वनिर्धारित सूचकका आधारमा हरेक क्रियाकलापको टिपोट अवलोकन र मूल्याङ्कन गर्ने,

(औ) भूमिका निर्वाह गर्ने टोली: घाईते बिरामी, मृतक, स्थानीय समुदाय, भिडभाड आदिको भूमिका निर्वाह गर्ने,

(अं) सहयोगी टोली: अभ्यासलाई सञ्चालन गर्न सहयोग पुऱ्याउने।

(८) टोली गठन तथा सहभागी छनौट गर्दा ध्यान दिनुपर्ने विषयहरू र छनौट पछि गर्नुपर्ने कार्यहरु:

(अ) कृत्रिम घटना अभ्यास सम्वन्धी ज्ञान भएको,

(आ) विपद् व्यवस्थापन क्षेत्रमा काम गरी अनुभव प्राप्त गरेको,

(इ) टोली समावेशी हुनु पर्ने,

(ई) सदस्यहरूलाई अभ्यास सम्वन्धी अभिमुखीकरण प्रदान गर्नुपर्ने,

(उ) अभ्यासको आवश्यकता अनुरूप सम्बन्धित तह, दर्जा र निकायको प्रतिनिधिलाई निमन्त्रणा गरी सहभागिताको सुनिश्चितता गर्ने,

(ऊ) सहभागीलाई अभ्यास पूर्व उद्देश्य, क्षेत्र, अपेक्षित प्रतिफल, आफ्नो भूमिका, गर्नु पर्ने तयारी तथा आवश्यक सन्दर्भ सामाग्रीहरूको बारेमा समेत जानकारी दिनुपर्ने।



प्रमाणित प्रतिलिपि

(९) अभ्यासको अन्तिम तयारी तथा समन्वयका लागि देहाय अनुसार गर्नुपर्नेछः

(अ) स्थानीय प्रहरी तथा अन्य सुरक्षा निकायसँग समन्वय गर्ने,

(आ) अभ्यास सामग्रीको अन्तिम तयारीको निरीक्षण गर्ने,

(इ) सञ्चालन टोली र आयोजकबीच समन्वय गर्ने,

(ई) अभ्यासमा आमन्त्रित सबैको सहभागीताको सुनिश्चितता गर्ने,

(उ) टोलीलाई आफ्नो भूमिकाका बारेमा ब्रिफिङ गर्ने,

(ऊ) अभ्यास स्थलको तयारी र सुरक्षाबारे यकीन गर्ने।

(ग) **अभ्यास सञ्चालनः** अभ्यास देहाय अनुसार तीन चरणमा सञ्चालन हुनेछन्।

(१) **अभ्यास तयारीः** अभ्यास सञ्चालन अन्तर्गत तयारीको चरणमा देहाय अनुसारका कार्य गर्नुपर्नेछः

(अ) सहभागीहरुलाई अभ्यासको सम्बन्धमा सामूहिक निर्देशन तथा अभिमुखिकरण गर्ने,

(आ) सहभागीहरूलाई आवश्यकता अनुसार समूहमा बाँडफाँड गर्ने,

(इ) बाँडफाट गरिएका समूहलाई आ-आफ्नो स्थान वा कोठा/टेबुलमा बस्ने व्यवस्था मिलाउने,

(ई) भूमिका निर्वाह गर्ने टोली तथा अनुगमन टोलीले आ-आफ्नो स्थान लिने।

(२) **अभ्यास सञ्चालनः** अभ्यास सञ्चालन अन्तर्गतको चरणमा देहाय अनुसारका कार्य गर्नुपर्नेछः

(अ) निर्धारित मिति र समयमै अभ्यास निर्देशकको अनुमतिमा अभ्यास सुरू गर्ने,

(आ) इन्जेक्ट कन्ट्रोलरले अभ्यास कन्ट्रोल रुम वा स्थानबाट सिनारियो तथा इन्जेक्टहरु निर्धारित समय र माध्यम मार्फत प्रवाह गर्ने,

(इ) इन्जेक्ट बमोजिम प्रत्येक सहभागीले आफ्नो आन्तरिक तयारी र योजना बमोजिम आवश्यक निर्णय लिने,

(ई) अभ्यासको उद्देश्य र क्षेत्र अनुरुप सहभागीहरूले भूमिका निर्वाह गरे नगरेको सहजकर्ताले यकिन गर्ने,

(उ) अभ्यासको उद्देश्य र क्षेत्रभन्दा बाहिर जान लागेमा अभ्यास नियन्त्रकले सही दिशामा मार्गनिर्देश गर्ने,

(ऊ) सहजकर्ताले अभ्यासका क्रममा देखिएका कमी-कमजोरी तथा सकारात्मक पक्षको टिपोट गर्ने,

(ए) पर्यवेक्षक/अनुगमनकर्ताले अभ्यासको निर्धारित ढाँचामा सबल पक्ष, दुर्बल पक्ष तथा आफूले देखेका अन्य विषय टिपोट गर्ने,

(ऐ) (ए) इन्जेक्ट बमोजिम भएका क्रियाकलापका बारेमा सूचना प्रविधि टोलीले नियन्त्रण कक्ष वा सञ्चालन कक्षमा रिपोर्टिङ गर्ने र रिपोर्टिङ भए नभएको अभ्यास कन्ट्रोलरले यकिन गर्ने,

नेपाल सरकार गृह मन्त्रालय राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण सिंहदरबार, काठमाडौं



प्रमाणित प्रतिलिपि

(ओ) (ऐ) अभ्यास अवधिभर अभ्यासस्थल, सार्वजनिक सञ्चारमाध्यम वा सामाजिक सञ्जालमा "अभ्यासमात्र" उल्लेख गरी सूचना प्रवाह गर्ने,

(औ) (ओ) अफवाह नियन्त्रण र सही सूचना प्रवाह सुनिश्चित गर्न विशेष ध्यान पुऱ्याउनु पर्ने, सामाजिक सञ्जाल वा अन्य माध्यमबाट गलत सूचना प्रवाह भएमा तत्काल सत्य तथ्य सूचना प्रवाह गर्ने,

(अं) (औ) आपतकालीन कार्य सञ्चालन केन्द्रलाई अभ्यास गतिविधि सम्बन्धी अद्यावधिक सूचना पठाउने,

(अ:) (अं) प्रदेश, जिल्ला तथा स्थानीय आपतकालीन कार्य सञ्चालन केन्द्रले अभ्यासको प्रगति अनुसूची ४ बमोजिम स्थिति प्रतिवेदन (सिटरेप) तयार पारी माथिल्लो तहको आपतकालीन कार्य सञ्चालन केन्द्रमा पठाउने,

(अअ) अभ्यास निर्देशकले अभ्यास सञ्चालन समाप्तिको संकेत गर्ने,

(आआ) अभ्यास समाप्त भए पश्चात आवश्यकता अनुसार अभ्यास नियन्त्रकले तत्काल सबै सहभागीको उपस्थितिमा शीघ्र समीक्षा (Hot wash) गर्ने।

(३) **डि-ब्रिफिङः** डि-बिफिङको चरणमा देहाय अनुसारको कार्य गर्नु पर्नेछः

(अ) अभ्यास सञ्चालन पश्चात सबै सहभागी, अभ्यास सञ्चालन टोली तथा परिवेक्षक/अनुगमनकर्ताको उपस्थितिमा अभ्यासको अनुभव, सवल पक्ष, कमिकमजोरी तथा आगामी दिनमा सुधार गर्नुपर्ने पक्षलाई समेटेर डि-ब्रिफिङ सेसन सञ्चालन गर्नुपर्ने,

(आ) डि-ब्रिफिङका क्रममा सम्भव भएसम्म सहभागी, अभ्यास सञ्चालन टोली तथा पर्यवेक्षकले पालैपालो आ-आफ्नो अनुभव बताउन लगाउनु पर्ने,

(इ) डि-ब्रिफिङमा उठेका विषयहरुलाई अभ्यास सञ्चालन टोली मध्येबाट एक जनाले टिपोट गर्नुपर्ने,

(ई) डि-ब्रिफिङ पश्चात वा अगावै अभ्यासको क्रममा सम्वन्धित विषयमा देखिएका कमि कमजोरी तथा तिनको समाधानका उपायहरु सहितको प्रतिवेदन तयार गरी सम्बन्धित निकायमा पेश गर्ने।

(४) **अभ्यास पश्चातको प्रतिवेदनः** अभ्यास पश्चात प्रतिवेदनको चरणमा देहाय अनुसारको कार्य गर्नु पर्नेछः

(अ) अभ्यास समापनपछि संलग्न संस्थाको नाम, सहभागीहरूको संख्या, अभ्यासको प्रकृति, समयावधि, प्रयोग भएका सामग्री लगायतको विवरण समावेश गरी प्रारम्भिक प्रतिवेदन सम्बन्धित निकायमा पेश गर्नुपर्ने,

(आ) अभ्यासका सवल पक्षहरू, पहिचान भएका कमजोरीहरू, सुधारका लागि सिफारिसहरू तथा तिनको कार्यान्वयन योजना समेत समावेश विस्तृत प्रतिवेदन तयार गरी राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणमा पेश गर्नुपर्ने,

नेपाल सरकार
गृह मन्त्रालय
राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण
सिंहदरबार, काठमाडौं



प्रमाणित प्रतिलिपि

(इ) विस्तृत प्रतिवेदन तयार गर्दा अभ्यास योजना निर्माण, तयारी, सञ्चालन, डि-ब्रिफिङ, सहभागी तथा पर्यवेक्षकसँग भएका छलफलका विषय समेतलाई समावेश गर्नुपर्ने,

(ई) प्रतिवेदनलाई भविष्यमा सञ्चालन हुने उस्तै प्रकारका अभ्यासको लागि मार्गनिर्देशको रुपमा समेत लिन सकिने।

## परिच्छेद-४

## इन्जेक्ट विकास, सुरक्षा व्यवस्थापन तथा मानव संशाधन

६. परिदृश्य विकास र इन्जेक्ट व्यवस्थापन:

(१) परिदृष्यको विकास यथार्थपरक, व्यवहारिक क्रमवद्ध र स्वभाविक रुपमा गर्नुपर्नेछ,

(२) अभ्यासको परिदृश्य यथार्थपरक र व्यवहारिक बनाउन सम्वन्धित क्षेत्रमा अनुसूची ५ बमोजिम जोखिमको नक्सा निर्माण गर्नुपर्नेछ,

(३) इन्जेक्ट स्पष्ट, सान्दर्भिक माध्यमबाट समय अनुसार नियन्त्रित तवरले प्रवाह गर्नुपर्नेछ,

(४) परिदृश्यलाई जीवन्त र चुनौतिपूर्ण बनाउन अनुसूची ६ बमोजिम इन्जेक्ट ट्र्याकिङ्ग तालिका तयार गर्नुपर्नेछ,

(५) नियन्त्रक टोलीले अभ्यासको लागि घटनाको प्रकृति अनुसार इन्जेक्टहरूको तालिका तयार गर्नुपर्नेछ,

(६) अभ्यासको योजना अनुसार क्रमवद्ध तवरले सहभागीहरू बीच इन्जेक्टको प्रवाह गर्नुपर्नेछ,

(७) अभ्यासमा सकेसम्म इञ्जेक्टका घटनास्थल समेटिने नक्सासहित इन्जेक्ट प्रवाह गर्नुपर्नेछ,

(८) घटना अभ्यासका लागि दृश्य सामग्रीहरूको चेकलिष्ट अनुसूची ७ बमोजिम हुनुपर्नेछ,

(९) एकै पटक धेरै इन्जेक्ट दिँदा अभ्यासमा संलग्न निकायहरुमा अस्पष्टता तथा भ्रम सिर्जना हुन सक्ने भएकाले इन्जेक्ट समयको अन्तराल यथोचित हुनुपर्नेछ।

७. सुरक्षा व्यवस्थापन:

(१) अभ्यासका लागि आवश्यक सुरक्षा प्रवन्ध र समन्वय गर्नुपर्नेछ।

(२) अभ्यास शुरु हुनुभन्दा अघि नै सुरक्षासम्वन्धी नक्साङ्कन र सुरक्षा योजना बनाई अनुसूची-८ बमोजिम मुल्याङ्कन गर्नुपर्नेछ,

(३) सहभागीको व्यक्तिगत सुरक्षा, उपकरण वितरण, जोखिम अनुसार सुरक्षा तालिम र अस्थायी प्राथमिक उपचार टोलीसहित सुरक्षा अधिकृत खटाउनुपर्नेछ,

(४) अभ्यासको क्रममा कावुवाहिरको कुनै परिस्थिति आई अभ्यासलाई निरन्तरता दिन नसकिने अवस्था आएको खण्डमा अभ्यास निर्देशकले तत्काल अभ्यास स्थगन गर्ने घोषणा गर्न



नेपाल सरकार गृह मन्त्रालय ... सिंहदरबार, काठमाडौं
प्रमाणित प्रतिलिपि

सक्नेछ। यसरी अभ्यास पश्चात स्थगनको औचित्य पुष्टि हुने आधार र कारण सहित सम्बन्धित निकायमा लिखित प्रतिवेदन पेश गर्नुपर्नेछ,

(५) अभ्यासको जोखिम मूल्याङ्कन गरी अभ्यास अवधिको लागि आवश्यकता अनुसार सहभागीहरुको बीमा गर्न सकिनेछ।

८. <u>मानव संशाधनको भूमिका र जिम्मेवारी:</u>

(१) अभ्यासमा सहभागीहरूले आफ्नो भूमिका र जिम्मेवारी स्पष्टसँग बुझेको हुनु पर्नेछ।

(२) अभ्यास पूर्व नै सहभागीहरूलाई भूमिका र जिम्मेवारी सम्बन्धी तालिम तथा सुरक्षा ब्रिफिङ अनिवार्य रूपमा सञ्चालन गर्नुपर्नेछ।

(३) निर्देशन टोलीले सबै सहभागीलाई पूर्व-छलफल पश्चात पूर्वाभ्यास गराई के गर्ने, कसरी गर्ने भन्ने विषय सुनिश्चित गर्नुपर्नेछ।

(४) स्वयंसेवक वा अन्य सहभागीको कार्य क्षेत्र, सीमारेखा र सम्भावित जोखिमका बारेमा पूर्ण रूपमा अवगत गराई आवश्यक प्रशिक्षण तथा पूर्वसूचना दिनुपर्नेछ।

(५) अभ्यासको समयमा वास्तविक उद्धारकर्मी र स्वयंसेवक बीच अन्योल नहोस् भन्नका लागि स्वयंसेवक तथा घाइतेको भूमिका निर्वाह गर्नेहरूलाई स्पष्ट पहिचान हुने व्यवस्था मिलाउनुपर्नेछ।

## परिच्छेद-५

## <u>सूचना व्यवस्थापन, बन्दोबस्ती र गुणस्तर सूचक</u>

९. <u>सूचना व्यवस्थापन र गोपनीयता:</u>

(१) सूचनाको पारदर्शिता र छरितो बनाउन प्रत्येक तहका आपतकालीन कार्य सञ्चालन केन्द्रले आधिकारिक सम्पर्क व्यक्तिको नाम, सम्पर्क नम्बर र निकायको सूची तयार गर्नुपर्नेछ।

(२) अभ्यास अवधिभर दिनमा दुई पटक अभ्यास सम्बन्धी संक्षिप्त प्रेश विज्ञप्ति जारी गर्ने र दिनमा एक पटक मिडिया ब्रिफिङ गर्नुपर्नेछ।

(३) विज्ञप्तिमा अभ्यासको नाम, स्थान, उद्देश्य तथा संक्षिप्त प्रगति विवरण समावेश गरी "यो वास्तविक घटना नभई कृत्रिम घटना अभ्यास मात्र हो" भनी प्रष्ट रूपमा उल्लेख गर्नुपर्नेछ।

(४) आवश्यकता अनुसार सञ्चारकर्मीहरूलाई निर्धारित स्थलसम्म मात्र प्रवेश गराई अभ्यासका केही अंश अवलोकन गराउन सकिनेछ।



नेपाल सरकार गृह मन्त्रालय सिंहदरबार, काठमाडौं
प्रमाणित प्रतिलिपि

(५) सञ्चारकर्मीहरूलाई अभ्यास अवलोकन गराउँदा सुरक्षा र गोपनीयतामा ध्यान दिनुपर्नेछ।

(६) अभ्यासका क्रममा संकलित सूचना, प्रतिवेदन, चित्र तथा भिडिओ सामग्रीहरूको संवेदनशीलताको आधारमा मूल्याङ्कन गरी सार्वजनिक गर्नुपर्नेछ।

(७) अभ्याससँग सम्बन्धित कुनै सूचना अनधिकृत रूपमा दुरुपयोग हुन नदिन सहभागी निकायबीच गोपनीयता कायम गर्ने गराउने सम्बन्धमा समन्वय र छलफल गर्नुपर्नेछ।

१०. <u>बन्दोबस्ती र प्रशासनिक व्यवस्थाः</u>

(१) अभ्यास स्थलमा देहाय बमोजिमको बन्दोबस्ती र प्रशासनिक व्यवस्था गर्नुपर्नेछ।

(क) अभ्यास प्रशासनिक प्रबन्ध मिलाउँदा सहभागी र सर्वसाधारण दुबैका लागि सुरक्षित र सौहार्द्रपूर्ण वातावरण सुनिश्चित गर्ने,

(ख) सफाइ र फोहोर व्यवस्थापनको लागि आवश्यक सामग्रीको बन्दोबस्त गर्ने,

(ग) सम्भावित आपतकालीन भागदौडका लागि निकासी मार्गको चिन्ह सहित व्यवस्था गर्ने,

(घ) अपाङ्गता भएका व्यक्ति वा घाइतेको भूमिका निर्वाह गर्ने क्रममा सहज आवतजावतका लागि पनि आवश्यक र्‍याम्प वा सहायता उपलब्ध हुने व्यवस्था गर्ने।

(ङ) अस्थायी शौचालयहरू निर्माण गर्दा महिला र पुरुषका साथै अपाङ्गता मैत्री शौचालयको प्रबन्ध गर्ने,

(च) सफा पिउने पानीको आपूर्तिको व्यवस्था गर्ने,

(छ) साना बालबालिका भएका सहभागी लागि स्तनपान कक्ष वा आरामकक्ष जस्ता थप सुविधा पनि उपलब्ध गराउने व्यवस्था गर्ने,

(ज) बाहिरी स्थानमा अभ्यास सञ्चालन गर्दा वर्षा, हावापानी आदिबाट जोगिन अस्थायी टेन्ट वा छाना एवं रातिको लागि विद्युत वा जेनेरेटर आदिको अवस्थापन गर्ने,

(झ) अभ्यासका सहभागी वा निरीक्षकहरू अन्य स्थानबाट आउनु पर्ने भए तिनको बसोबास र यातायात सुविधाको व्यवस्थापन गर्ने,

(ञ) आयोजकले आवश्यक होटल बुकिङ, सवारीसाधन तथा इन्धन व्यवस्थापनको सुनिश्चितता समयमा नै गर्ने,

(ट) अभ्याससम्बन्धी खर्च गर्दा प्रचलित कानूनबमोजिम आर्थिक अनुशासन र पारदर्शिताको पालना गर्ने।

११. <u>गुणस्तर सूचकः</u>

(१) देहाय बमोजिमका गुणस्तर सूचक निर्धारण गरी अभ्यासको सफलता र गुणस्तर मापन गर्नु पर्नेछः



प्रमाणित प्रतिलिपि

(क) अभ्यास सञ्चालनको सूचना वा इन्जेक्ट बढीमा पाँच मिनेटभित्र सम्बन्धित टोलीले प्राप्त गर्ने,

(ख) मुख्य घटनाको सूचना पाएपछि बढीमा पन्ध्र मिनेटभित्र उद्धार टोलीले प्रस्थान वा सक्रियता सुरु गर्ने,

(ग) अभ्यासमा ट्रियाज (घाइतेको वर्गीकरण) प्रक्रिया त्रुटिरहित रुपमा गर्ने,

(घ) अभ्यास अवधिमा सुरक्षा नियम पूर्णरूपमा पालना गरी गम्भीर दुर्घटना शून्य राख्ने,

(ङ) अभ्यासमा सहभागीहरू निर्धारित भूमिकामा अधिकतम सक्रिय र अनुशासित हुनुपर्ने,

(च) अभ्यास सञ्चालन गर्दा राष्ट्रिय विपद् प्रतिकार्य ढाँचा, २०७० (National Disaster Response Framework) को मर्म र भावनालाई अवलम्बन गर्नुपर्ने।

## परिच्छेद-६
## विविध

१२. **समापन र समीक्षा:**

(१) निर्धारित समयमा परिदृश्य अनुसार सबै गतिविधि सम्पन्न भएपछि अभ्यास अन्त्य भएको घोषणा पश्चात मात्र समापन भएको मान्नुपर्नेछ।

(२) संकेत प्राप्त हुनासाथ फिल्डमा खटिएका सहभागीले अभ्यासबाट तुरुन्त बाहिर निस्केर वास्तविक परिस्थितिमा फर्कनुपर्नेछ।

(३) अभ्यास समापनको औपचारिक घोषणापछि संलग्न सबै सहभागीलाई एकै स्थानमा भेला गराई अनुसूची नौ बमोजिम समीक्षा बैठक सञ्चालन गर्नुपर्नेछ।

(४) अभ्यासको समग्र मूल्याङ्कन अनुसूची दश बमोजिमको फारम अनुरूप गर्नुपर्नेछ।

(५) अभ्यासमा सहभागी हुने व्यक्ति, संस्था वा निकायलाई अनुसूची एघार बमोजिम प्रशंसा-पत्र प्रदान गर्नुपर्नेछ।

१३. **दस्तावेजीकरण र अभिलेख व्यवस्था:**

प्राधिकरण र अभ्यास सञ्चालन गर्ने निकायले अभ्यासको योजनादेखि समापन चरणसम्मका गतिविधिको डिजिटल अभिलेख सुरक्षित रुपमा राख्नुपर्नेछ।

१४. **कार्यविधिको जिम्मेवारी र पालना:**

(१) यो कार्यविधिका लागू भएपछि यसभित्र समावेश प्रावधानहरू पालना गर्ने दायित्व सम्बन्धित अभ्यास आयोजक समिति, सहआयोजक संस्था तथा सहभागी निकायको हुनेछ।



नेपाल सरकार गृह मन्त्रालय राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण सिंहदरबार, काठमाडौं
प्रमाणित प्रतिलिपि

(२)अनुगमनका क्रममा कार्यविधिको मापदण्ड विपरीत अभ्यास कार्यसञ्चालन भएको, प्रक्रियाको गम्भीर उल्लङ्घन गरिएको वा लापरवाही भएको पाइएमा सम्बन्धित आयोजक नै जवाफदेही हुनुपर्नेछ।

(३)कार्यविधिको प्रभावकारी कार्यान्वयनका लागि संघदेखि स्थानीय तहसम्मको सम्बन्धित अधिकारीले अनुगमन गरी आवश्यक सहयोग गर्नुपर्नेछ।

१५. <u>अनुसूची हेरफेर/संशोधन र बाधा अड्काउ फुकाउ सम्बन्धमा:</u>

(१)प्राधिकरणले मन्त्रालयसँगको समन्वयमा यस कार्यविधिका अनुसूचीमा आवश्यक हेरफेर, थपघट तथा संशोधन गर्न सक्नेछ।

(२)यो कार्यविधि कार्यान्वयन गर्न कुनै बाधा अड्काउ परेको खण्डमा मन्त्रालयले सो बाधा अड्काउ फुकाउन सक्नेछ।

नेपाल सरकार
गृह मन्त्रालय
सिंहदरबार, काठमाडौं

प्रमाणित प्रतिलिपि

अनुसूची-१

(दफा (५) को उपदफा (१) को खण्ड (क)(६) सँग सम्बन्धित)

<u>पुर्व समझदारी दस्तावेज (MoU) को ढाँचा</u>

<u>कृत्रिम घटना अभ्यासका लागि आपसी समझदारी-पत्र</u>

आयोजना गर्ने .............. (यस पश्चात प्रथम पक्ष भनिएको) र अभ्यास सञ्चालनमा सहआयोजना/सहकार्य/समन्वय/सहयोग/सहभागिता जनाउने ............... (यस पश्चात दोश्रो/अन्य पक्ष भनिएको) बीच कृत्रिम घटना अभ्यास सञ्चालनसम्बन्धी आपसी समझदारी-पत्र

**१. पृष्ठभूमि र उद्देश्यः**

कृत्रिम घटना अभ्यास प्रणालीको स्पष्ट, एकरूपता सहितको विपद् पूर्वतयारी गरी खोज तथा उद्धारको कार्यलाई प्रभावकारी रुपमा व्यवस्थापन गर्न तथा सरोकारवाला निकायबीच समन्वय, सहकार्य, विद्यमान क्षमताको परीक्षण तथा सुरक्षा व्यवस्था सुनिश्चित गर्ने उद्देश्यले प्रथम पक्ष र दोश्रो/अन्य पक्षबीच ...................... सम्बन्धी कृत्रिम घटना अभ्यास सञ्चालन गर्न यो आपसी समझदारी-पत्रमा हस्तक्षर गरिएको छ।

**१. अभ्यासको रूपरेखाः**

.................. सम्बन्धी कृत्रिम घटना अभ्यास मिति ................. देखि..............सम्म ........... स्थानमा सञ्चालन हुनेछ । अभ्यास टेबुलटप/फिल्ड/फंक्सनल वा फुल स्केल अभ्यासको रूपमा हुनेछ र विभिन्न परिदृश्यहरू जस्तैः बाढी, भूकम्प, आगलागी वा महामारीमा आधारित हुनेछ।

**२. संलग्न पक्षहरूको जिम्मेवारीः**

संस्था कः अभ्यास स्थलको व्यवस्थापन, प्रशासनिक सहजीकरण
संस्था खः सञ्चार संयन्त्र व्यवस्थापन, सूचना प्रवाह र मिडिया समन्वय
संस्था गः स्वास्थ्य सेवा व्यवस्थापन, उद्धार र प्राथमिक उपचार तयारी
अन्यः अतिरिक्त प्राविधिक सहयोग, अनुगमन तथा मूल्याङ्कन

**३. स्रोत र उपकरण व्यवस्थापनः**

अभ्यासका लागि आवश्यक उपकरण, जनशक्ति, सवारीसाधन, संचार साधन, प्रशिक्षण सामग्री र अन्य स्रोतको व्यवस्थापन (आपसी छलफल तथा समझदारीको आधार) गराउनु पर्नेछ। स्रोत व्यवस्थापनमा पारदर्शिता र आपसी सहकार्य सुनिश्चित गर्नु पक्षहरूको दायित्व हुनेछ।

**४. समन्वय संयन्त्रः**

नेपाल सरकार गृह मन्त्रालय ... सिंहदरबार, काठमाडौं

१५

प्रमाणित प्रतिलिपि

अभ्यास सञ्चालनको लागि सम्वन्धित सबै संस्थाका प्रतिनिधि रहेको समन्वय समिति गठन गरिनेछ। समितिले अभ्यासको योजना, कार्यान्वयन र मूल्याङ्कन समेतका कार्यमा समन्वय गर्नेछ।

५. **समयावधिः**

यो समझदारी पत्र ........ मिति......... देखि......... मिति........सम्म मान्य हुनेछ।

६. **विवाद समाधान प्रक्रियाः**

यदि अभ्यास सम्बन्धी कुनै विवाद उत्पन्न भएमा संयोजक संस्थाको पहलमा आपसी छलफलमार्फत समाधान गरिनेछ।

७. **सम्झौता गर्ने पक्षहरूः**

**<u>आयोजक</u> (प्रथम पक्ष)**
हस्ताक्षरः
नामः
पदः
मितिः

**<u>सरोकारवाला</u> (दोस्रो/अन्यपक्षहरू)**
हस्ताक्षरः
नामः
पदः
मितिः

प्रमाणित प्रतिलिपि

अनुसूची-२

(दफा ५ को उपदफा (१) को खण्ड (ख)(३) सँग सम्बन्धित)

## कृत्रिम घटना अभ्यास कार्ययोजनाको ढाँचा

१. परिचय

२. उद्देश्य

३. कार्यक्षेत्र

४. परिदृश्य तथा इन्जेक्टहरूको रूपरेखा

५. सञ्चालन विधि

६. अपेक्षित उपलब्धि

७. समयरेखा

८. अभ्यास सञ्चालन टोलीको बनावट तथा जिम्मेवारीहरू

९. सहभागी संघसस्था तथा निकाय

१०. समन्वय तथा सञ्चार

११. अभ्यास स्थल

१२. अनुगमन, अवलोकन तथा मूल्याङ्कन

१३. समीक्षा बैठक (डी-ब्रिफिङ), पृष्टपोषण

१४. अभ्यासको समष्टिगत प्रतिवेदन

१५. सञ्चारमाध्यमको प्रयोग

१६. आवश्यक साधनस्रोत तथा बन्दोवस्ती

१७. सम्भावित चुनौतीहरू तथा वैकल्पिक योजना (कन्टिन्जेन्सी)

१८. निष्कर्ष

१९. अनुसूची (आवश्यकता अनुसार)


नेपाल सरकार गृह मन्त्रालय सिंहदरबार, काठमाडौं

प्रमाणित प्रतिलिपि

## अनुसूची-३

(दफा ५ को उपदफा (२) को खण्ड (ख) (६) सँग सम्बन्धित)

**अभ्यास सञ्चालन टोलीको ढाँचा**




प्रमाणित प्रतिलिपि

अनुसूची-४

(दफा ५ को उपदफा (१)(ग) को (३)(अं) सँग सम्बन्धित)

आपतकालीन कार्य सञ्चालन केन्द्रको स्थिति प्रतिवेदन (SITREP) को ढाँचा

**प्रतिवेदन गरिएको निकायः**

प्रतिवेदन गर्ने निकायः

मितिः समयः

१. घटनाको संक्षिप्त विवरणः

२. वर्तमान अवस्थाः

(क) मानवीय क्षतिः

(ख) भौतिक क्षतिः

(ग) मौषमी अवस्थाः

(घ) सम्भावित अवस्थाः

(घ) पहुँचको अवस्थाः

(च) स्थानीय समन्वय र सहयोगको स्थितिः

३. सम्पादित कार्यहरूः

४. परिचालित स्रोत साधन

(क) जनशक्तिः

(ख) उपकरणः

(ग) हवाई/स्थल साधनः

५. साम ग्रीको उपलब्धता र आवश्यकताः

६. आगामी १२/२४ घण्टाको योजनाः

७. अनुरोध/सिफारिस (*यदि भएमा*)

प्रतिवेदन तयार गर्नेः

नाम थरः

दर्जाः

सम्पर्क फोन नं.

इमेलः

नेपाल सरकार गृह मन्त्रालय राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण सिंहदरबार, काठमाडौं

प्रमाणित प्रतिलिपि

## अनुसूची-५

(दफा ६ को उपदफा (२) सँग सम्बन्धित)

## जोखिम नक्सा (Risk Map) को ढाँचा

| विवरण | रंग | संकेत चिन्ह | स्थान (कम्पास अनुसार) | टिप्पणी |
|---|---|---|---|---|
| खतरा क्षेत्र (बाढी, आगलागी) | रातो रंग | ▲ | पूर्व | उच्च जोखिम बस्ती क्षेत्र |
| सुरक्षित स्थल | हरियो क्षेत्र | ○ | पश्चिम | समुदाय भवन, खेल मैदान |
| आश्रय केन्द्र | निलो वर्ग चिह्न | ■ | उत्तर | विद्यालय, सभा हल |
| अस्पताल- स्वास्थ्य चौकी | सेतो क्रस चिह्न रातो पृष्ठभूमि |  | पूर्व | प्राथमिक उपचार केन्द्र |
| उद्धार मार्ग- निकासी मार्ग | कालो तीर चिह्न | ➡ | उत्तरबाट दक्षिण | खुला सडक वा पुल |
| संचार टावर-सूचना केन्द्र | एन्टेना चिह्न पहेंलो रंग |  | मध्य | सूचना प्रवाहको आधार |

नेपाल सरकार गृह मन्त्रालय राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण सिंहदरबार, काठमाडौं

प्रमाणित प्रतिलिपि

अनुसूची-६

(दफा ६ को उपदफा (४) सँग सम्बन्धित)

**इन्जेक्ट ट्र्याकिङ तालिका (Inject Tracking Table) को ढाँचा**

| इन्जेक्ट नम्बर | इन्जेक्ट विवरण | प्रवाह समय | प्रवाह गर्ने व्यक्ति टोली | लक्षित सहभागी एजेन्सी | प्रवाह स्थिति | टिप्पणी |
|---|---|---|---|---|---|---|
| INJ-००१ | बाढीले पुल भत्किएको सूचना | १०:१५ बिहान | सञ्चालन टोली सदस्य *-राम* | जिल्ला विपद् व्यवस्थापन समिति | प्रवाहित | प्रतिक्रिया प्राप्त भयो |
| INJ-००२ | सञ्चार सेवा अवरुद्ध भएको जानकारी | १०:३० बिहान | सञ्चार टोली *- सिता* | रेडियो सञ्चालक र सुरक्षा टोली | प्रतीक्षारत | ब्याकअप संचार प्रयोग आवश्यक |
| INJ-००३ | घाइते व्यक्तिको उद्धार आग्रह | १०:४५ बिहान | EMT समन्वयक *- राजु* | एम्बुलेन्स सेवा, स्वास्थ्य टोली | प्रवाहित | एम्बुलेन्स ५ मिनेटमा पुगेको |

नेपाल सरकार गृह मन्त्रालय राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण सिंहदरबार, काठमाडौं

प्रमाणित प्रतिलिपि

अनुसूची-७

(दफा ६ को उपदफा (८) सँग सम्बन्धित)

**दृश्य सामाग्री चेकलिष्ट (Visual Materials Checklist) को ढाँचा**

| दृश्य सामाग्रीको प्रकार | विवरण | प्रयोग हुने स्थान/समय | जिम्मेवार व्यक्ति/टोली | तयारी अवस्था | टिप्पणी |
|---|---|---|---|---|---|
| नक्सा (बाढी प्रभाव क्षेत्र) | प्रभावित गाउँ र नदी सीमांकन | अभ्यासको सुरुमा (ब्रिफिङ) | नक्सांकन विशेषज्ञ *-विमल* | तयार | प्रिन्ट र डिजिटल संस्करण उपलब्ध |
| फोटो क्लिप (पूर्व बाढी दृश्य) | २०७६ सालको बाढीको वास्तविक तस्विरहरू | इन्जेक्ट INJ-००१ संगै | सञ्चार टोली *-अनु* | तयार | स्क्रिनमार्फत देखाइने |
| नक्कली समाचार रिपोर्ट | स्थानीय रेडियोबाट प्रसारण भएको समाचार क्लिप | इन्जेक्ट INJ-००२ संगै | मिडिया समन्वयकर्ता *-कमला* | तयारीमा | स्क्रिप्ट तयार, रेकर्ड बाँकी |

प्रमाणित प्रतिलिपि

## अनुसूची-८

(दफा ७ को उपदफा (२) सँग सम्बन्धित)

<u>अभ्यास स्थल छनौट गर्दा ध्यान दिनु पर्ने प्रमुख पक्षहरु</u>

| ध्यान दिन पर्ने पक्ष | छ/छैन | टिप्पणी |
|---|---|---|
| पहुँच सजिलो छ/छैन | | |
| कुनै जोखिम छ/छैन | | |
| अपाङ्गमैत्री संरचना छ/छैन | | |
| पर्याप्त बस्ने स्थान छ/छैन? | | |
| आपतकालीन निकास व्यवस्था छ/छैन | | |
| पावर, इन्टरनेट, प्रोजेक्टर छ/छैन | | |
| सुरक्षाको दृष्टिले उपयुक्त छ/छैन | | |
| एम्बुलेन्स पहुँच हुन सक्छ छ/छैन | | |
| नजिकै हेलिप्याड छ/छैन | | |
| अन्य केही | | |

प्रमाणित प्रतिलिपि

अनुसूची-९

(दफा १२ को उपदफा (३) सँग सम्बन्धित)

समीक्षा बैठकको ढाँचा

| समय | गतिविधि | जिम्मेवार व्यक्ति |
|---|---|---|
| ५ मिनेट | सहभागी स्वागत र उद्देश्य स्पष्टता | संयोजक |
| ५ मिनेट | अभ्यासको सारसंक्षेप (समरी) प्रस्तुति | सञ्चालन टोली प्रमुख |
| १० मिनेट | सहभागीहरूको सुझाव, अनुभव | सबै सहभागी |
| ५ मिनेट | प्रमुख सिकाइ र सुधार बुँदाहरू | मूल्याङ्कन संयोजक |
| ५ मिनेट | अन्तिम टिप्पणी र समापन | अभ्यास निर्देशक |

प्रमाणित प्रतिलिपि

अनुसूची-१०

(दफा (१२) को उपदफा (४) सँग सम्बन्धित)

**घटना अभ्यासको मूल्याङ्कन फारमको ढाँचा**

सहभागीको नाम ............................................................ मिति ................................

| | | | | | |
|---|---|---|---|---|---|
| **१. अभ्यास ब्रिफिङको व्यवस्था** | | | | | |
| मूल्याङ्कन | उत्कृष्ट | राम्रो | सन्तोषजनक | खराब | कुनै थप टिप्पणीहरू |
| अभ्यास लक्ष्य | | | | | |
| अभ्यास नियम | | | | | |
| टोली सदस्यको भूमिका परिचय | | | | | |
| अभ्यासको ढाँचा | | | | | |
| सञ्चालन प्रक्रियाको व्याख्या | | | | | |
| **२. कृत्रिम घटना अभ्यास** | | | | | |
| मूल्याङ्कन | उत्कृष्ट | राम्रो | सन्तोषजनक | खराब | कुनै थप टिप्पणीहरू |
| उपकरण सञ्चालन | | | | | |
| खोज तथा उद्धार अभ्यास | | | | | |
| प्राथमिक उपचार अभ्यास | | | | | |
| अभ्यास सामग्रीको समयमै उपलब्धता | | | | | |
| अभ्यास सामग्रीको गुणस्तर | | | | | |
| अभ्यास सत्रमा समूह गतिविधि (छलफल,कार्य) | | | | | |
| सत्रको लागि समय विनियोजन | | | | | |
| अभ्यास पश्चात डिब्रिफिङ सत्रको समयमा छलफल गर्ने अवसर | | | | | |
| **३. घटना अभ्यासमा अभ्यासकर्ताको कामको गुणस्तर** | | | | | |
| मूल्याङ्कन | उत्कृष्ट | राम्रो | सन्तोषजनक | खराब | कुनै थप टिप्पणीहरू |
| विषयवस्तुमा अभ्यासकर्ताको ज्ञान | | | | | |



नेपाल सरकार गृह मन्त्रालय ... सिंहदरबार, काठमाडौं

प्रमाणित प्रतिलिपि

| | | | | | |
|---|---|---|---|---|---|
| सहभागी र अन्तरक्रियात्मक सत्रहरू सुनिश्चित गर्न सहजकर्ताको सीप | | | | | |
| अभ्यासकर्ताको व्यवहार | | | | | |
| अभ्यासकर्ताको भूमिका | | | | | |
| **४. के यो कृत्रिम घटना अभ्यासले तपाईको अपेक्षा पूरा गऱ्यो ?** | | | | | |
| क) गऱ्यो    ख) आंशिक रूपमा गऱ्यो    ग) गरेन | | | | | |

५. कुनै अतिरिक्त सुझावहरू..................................................................................................

प्रमाणित प्रतिलिपि

अनुसूची-११

(दफा १२ को उपदफा (५) सँग सम्बन्धित)

**प्रशंसा-पत्र (Appreciation Letter) को ढाँचा**

**प्रशंसा-पत्र (Letter of Appreciation)**

श्री ...............................................

संस्थाः ..........................................

...................... को आयोजनामा मिति ................देखि ...........सम्म................... सम्बन्धी कृत्रिम घटना अभ्यासमा तपाईंको/यस निकाय/संस्थाको सक्रिय सहभागीता सहित उल्लेखनीय योगदानको लागि आयोजकको तर्फबाट उच्च सम्मान प्रकट गर्दछौं। तपाईं/यस निकाय/संस्थाको व्यावसायिक दक्षता, समन्वय क्षमता र प्रतिबद्धताले अभ्यास कार्यक्रमलाई सफल, व्यवस्थित र उद्देश्यअनुरूप सम्पन्न गर्न महत्वपूर्ण योगदान पुऱ्याएको छ।

तपाईं/यस निकाय/संस्थाले यस अभ्यास सञ्चालनमा पुऱ्याउनु भएको अतुलनीय योगदानको लागि हार्दिक धन्यवाद ज्ञापन गर्दै आगामी दिनमा हुने कार्यक्रमहरूमा समेत यस्तै सहकार्य, समन्वय र सहकार्यको अपेक्षा गर्दछौं।

| | |
|---|---|
| मितिः .............................. | मितिः ............................ |
| हस्ताक्षरः .............................. | हस्ताक्षरः .............................. |
| आयोजक | प्रमुख अतिथि, |
| ......................... | ............................ |

प्रमाणित प्रतिलिपि